# अर्बौंको लगानी विस्तार गर्दै चौधरी ग्रुप

मधुसूदन पौडेल

**काठमाडौं, १ भदौ :** चौधरी ग्रुपले शिक्षा, ऊर्जा, होटेल, सिमेन्ट र आयुर्वेद औषधि उत्पादनलगायतका क्षेत्रमा अर्बौं रुपैयाँको लगानी विस्तार योजना कार्यान्वयनमा ल्याएको छ। नयाँ योजनासँगै यस ग्रुपसँग लगानीका १० वटा मुख्य क्षेत्र स्थापित भएका छन्। यसअघि ग्रुपले पाँचवटा क्षेत्र मातहतका आयोजनामा लगानी गर्दै आएको थियो।

लगानी विस्तारको दीर्घकालीन योजनालाई द्रुत रूपमा कार्यान्वयनमा ल्याइएको ग्रुपका अध्यक्ष विनोद चौधरीले जानकारी दिए। सन् २०१२ देखि कार्यान्वयनमा आएका यी क्षेत्र मातहतमा छुट्टाछुट्टै कम्पनी स्थापना भई कार्य सम्पादन गर्नेछन्।

चौधरी ग्रुपले लगानी विस्तार गरेका नयाँ क्षेत्रमा बायोटेक एन्ड आयुर्वेद, सिमेन्ट, शिक्षा, ऊर्जा र होटेल तथा रिसोर्ट रहेका छन्। यसअघि उसले खाद्यपदार्थ, वित्तीय क्षेत्र, इलेक्ट्रोनिक्स, रियल स्टेटलगायतका क्षेत्रमा लगानी केन्द्रित गरेको थियो। यसअघि लगानी गरेका क्षेत्रलाई थप विस्तार गर्ने र नयाँ क्षेत्रलाई मुलुककै मुख्य आयोजनाका रूपमा विकास गर्ने योजना ग्रुपको छ। लगानीका लागि राजनीतिक अवस्था अनुकूल नरहेको विश्लेषण भइरहेको बेला ग्रुपले भने महत्त्वाकांक्षी योजना कार्यान्वयनमा ल्याएको छ।

यस ग्रुपले पाल्पाको सर्देवा र नवलपरासीको दुम्किबासमा एकसाथ दुईवटा ठूला सिमेन्ट उद्योग सञ्चालनमा ल्याउँदैछ। दुवै उद्योग स्थापनाका लागि अहिले द्रुतगतिमा काम भइरहेको छ। अन्तर्राष्ट्रियस्तरमा प्रयोगमा ल्याइएका आधुनिक प्रविधियुक्त यी सिमेन्ट उद्योगमा प्रदूषण नियन्त्रणका लागि अमेरिकी मापदण्ड कायम गरिने जानकारी दिइएको छ। 'सिजी सिमेन्ट' को ब्रान्डमा सन् २०१२ को अन्त्यसम्ममा सिमेन्ट बजारमा लैजाने तयारी भएको छ।

ग्रुपले लगानी विस्तारका लागि शिक्षा क्षेत्रलाई उच्च महत्त्व दिएको छ। आगामी पाँच वर्षको कार्ययोजना तयार गरी लागू गर्न लागिएको यस क्षेत्रमा एक अर्ब रुपैयाँ लगानी हुने अनुमान छ। ग्रुपले आगामी पाँच वर्षमा शैक्षिक संस्थाहरूको विस्तार गरी २५ वटा पुऱ्याउने लक्ष्य लिएको छ। जसमा १० हजार विद्यार्थीले अन्तर्राष्ट्रियस्तरको शिक्षा प्राप्त गर्न सक्ने ग्रुपले जनाएको छ।

हाल यस ग्रुपले चाँदबाग, सिजी मणिपाल, सीयूजी पोलिटेक्निक लगायतका शैक्षिक संस्था सञ्चालन गरिरहेको छ। विश्वमा ख्यातिप्राप्त शैक्षिक संस्थासँगको सहकार्यमा यो योजना कार्यान्वयनमा आउने अध्यक्ष चौधरीले बताए।

जलविद्युत् उत्पादनलाई पनि यस ग्रुपले प्राथमिकतामा राखेको छ। अन्तर्राष्ट्रिय विज्ञतासहित यस क्षेत्रमा लगानी बढाउन थालिएको हो। ग्रुपले पाँचवटा जलविद्युत् आयोजनामार्फत करिब साढे दुई सय मेगावाट बिजुली उत्पादन गर्ने योजना बनाएको छ। यसमा ८६ मेगावाट क्षमताको मादी सेती जलविद्युत् आयोजना, ७५ मेगावाटको त्रिशूलि गल्छी हाइड्रोइलेक्ट्रिक आयोजना, ४४ मेगावाटको सुपर मादी हाइड्रोइलेक्ट्रिक आयोजना, १५ मेगावाटको मध्यमोदी हाइड्रोइलेक्ट्रिक आयोजना र २० मेगावाटको तल्लो चमेलिया हाइड्रोपावर आयोजना रहेका छन्।


बिनोद चौधरी

नयाँ योजनासँगै चौधरी ग्रुपसँग लगानीका १० वटा मुख्य क्षेत्र स्थापित भएका छन्। यसअघि ग्रुपले पाँचवटा क्षेत्र मातहतका आयोजनामा लगानी गर्दै आएको थियो।

जलविद्युत् आयोजनाहरूमा लगानी विस्तारका लागि सम्भाव्यता अध्ययनलाई निरन्तरता दिइने अध्यक्ष चौधरीले बताए। यस ग्रुपका आयुर्वेद औषधि र च्यावनप्रासलगायतका शक्तिवर्धक उत्पादनहरू छिट्टै बजारमा आउनेछन्। नवलपरासीस्थित चौधरी उद्योग ग्राममा आयुर्वेदिक औषधि उत्पादनको काम सुरु भइसकेको छ।

यसअघि ग्रुपले भारतका पतञ्जली योगपीठ, झन्डु र डाबरलगायतका कम्पनीलाई जडीबुटी आपूर्ति गर्दै आएकोमा अब आफैँले आयुर्वेदिक उत्पादन सुरुगरेको हो। त्यसका लागि अन्तर्राष्ट्रिय ख्यातीप्राप्त संस्थासँग सहकार्य गरिने जानकारी ग्रुपले दिएको छ। यी उत्पादन नेपाली बजारका अतिरिक्तअन्तर्राष्ट्रिय बजारमा पनि निर्यात गर्ने लक्ष्य राखिएको छ।

यसका लागि ग्रुप आफैँले जडीबुटी उत्पादन गर्ने योजना पनि अगाडि सारेको छ। बज्रजयन्ती, अलैंची, चिराइतो, दालचिनी, कालादाना, कुट्कीलगायतका दर्जनौं जडीबुटी उत्पादनको तयारी गरिएको छ। त्यसका साथै अर्गानिक तरकारी उत्पादनसम्ममा पनि ग्रुपले लगानी गर्ने योजना बनाएको छ। काठमाडौंमा एउटा र नवलपरासीमा तीनवटा अर्गानिक तरकारी फर्महरू स्थापना गर्न लागिएको ग्रुपले जनाएको छ।

होटेल सञ्चालनमा अन्तर्राष्ट्रिय अनुभव सँगालिसकेको ग्रुपले नेपालमा तीनवटा ठूला होटेल स्थापना गर्न लागेको छ। काठमाडौंमा दुईवटा र चितवनको मेघौलीमा एक होटेल स्थापनाका लागि प्रक्रिया अगाडि बढाइएको छ। पर्यटक लक्षित यी होटेलहरूमा अन्तर्राष्ट्रिय बजारमा प्रयोगमा ल्याइएका आधुनिक सुविधाहरू भित्र्याउने लक्ष्य लिइएको छ।

ग्रुपले 'थ्रस्ट पी' को ब्रान्डमा नेपाली पानीलाई अन्तर्राष्ट्रिय बजारमा थप विस्तार गर्ने योजना बनाएको छ। हाल यो पानी भारत र युरोपमा निर्यात भइरहेकोमा आगामी दिनमा थप बजार प्रवर्धन गरिनेछ।

ग्रुपले पछिल्लो समयमा बियर र चुरोट उत्पादनको क्षमतालाई पनि विस्तार गरेको छ। यसअघि प्रतिमिनेट एक हजार पाँच सय खिल्ली चुरोट उत्पादन गर्ने क्षमता रहेको कम्पनीमा अहिले यसलाई तीन गुणा वृद्धि गरी प्रतिमिनेट चार हजार पाँच सय बनाइएको छ। त्यसैगरी बियर उत्पादनको क्षमता विस्तार गरी प्रतिमहिना एक लाख ३० हजार कार्टुन पुऱ्याइएको छ।

यस ग्रुपले नेपाल आइस, रियल गोल्ड र मुस्ताङलगायतका बियर उत्पादन गर्दै आएको छ। यी बियरहरू नेपाली बजारका अतिरिक्त हङकङ, जापान, बेलायत र अमेरिकामा निर्यात हुँदै आएका छन्।

यस ग्रुपले रियल स्टेटमा पनि लगानी बढाउँदै लगेको छ।

यसअघि काठमाडौं रेसिडेन्सी, माउन्ट भ्यु रेसिडेन्सीजस्ता आवास आयोजना कार्यान्वयन गरेकोमा अहिले राजधानीको हात्तीगौंडामा सिजी हिल्स विकास गरिरहेको छ। पछिल्लो चरणमा कार्यान्वयनमा ल्याइएको आवास आयोजनामा प्राकृतिक संरक्षणसहित विलासी अपार्टमेन्टहरु विकास गरिएको छ।

नेपाली मल्टिनेसनल कम्पनीका रूपमा समेत चिनिने यस ग्रुपले यसअघि एसिया प्रशान्त क्षेत्रमा अन्तर्राष्ट्रिय लगानीकर्तासँगको साझेदारीमा ३२ वटा होटेल विस्तारको योजना सार्वजनिक गरिसकेको छ। चौधरी ग्रुपको प्राविधिक सहयोगमा भारतमा वाईवाई चाउचाउको थप एक नयाँ उद्योग विस्तार भएको छ भने वाईवाईलाई विश्वका अन्य मुलुकहरूमा पनि विस्तार गर्ने योजना छ।

ग्रुपले कार्यान्वयनमा ल्याएका यी आयोजनाका लागि अर्बौं रुपैयाँको लगानी आवश्यक पर्ने देखिएको छ। ग्रुपले यसका लागि वित्तीय स्रोतका कारण अवरोध नहुने प्रस्ट पारेको छ। 'भिजन र क्रेडिबिलिटी भएपछि लगानीले पछ्याउँछ', अध्यक्ष चौधरीले भने, 'एक सय ४० वर्षमा चौधरी ग्रुपले मुलुकभित्र र अन्तर्राष्ट्रियस्तरमा आर्जन गरेको विश्वासका कारण आयोजना कार्यान्वयन गर्न हामीलाई स्रोतको अभाव हुने छैन।' तर, भिजनलाई वास्तविकतामा परिणत गर्न नसके वित्तीय स्रोत टाढा हुँदै जाने भएकाले अगाडि सारिएका आयोजना कार्यान्वयनमा दृढतापूर्वक लागिएको उनले बताए।